# इतिहास र वर्तमानको नेपाली भाषा

हरिप्रसाद निरौला
प्राविधिक अधिकृत, शैक्षिक जनशक्ति विकास केन्द्र

**लेखसार**

**नेपाली भाषा बहु सङ्ख्यक नेपालीको ढुकढुकी हो । प्राचीन इतिहास र महत्त्व बोकेको नेपाली भाषाले हजारौँ वर्ष पार गरिसकेको छ । यस कालखण्डसम्म आइपुग्दा यसले धेरै आरोह अवरोध झेल्नुपरेको छ । विभिन्न भाषिक आन्दोलनका उपलब्धि, स्तरीकरण र मानकीकरणका प्रयासहरुले यस भाषालाई अझै लोकप्रिय, जनजिब्रोको भाषा बनाउने प्रयासहरू गरेका छन् । विगत केही समययता यसको प्रचलनमा केही मतभेदहरू देखिएका छन् । तिनमा विचार विमर्श गर्दै नेपाली भाषाले आफ्नो स्तरीय रूप ग्रहण गर्ने प्रयास गरिरहेकै छ । यस लेखमा नेपाली भाषाको सम्पूर्ण इतिहासको सारसंक्षेप प्रस्तुत गर्न सम्भव छैन किनभने यसको नेपाली भाषाको इतिहास हजारौं वर्ष बितिसकेको छ । त्यसैले यस छोटो लेखमा केही मुख्य ऐतिहासिक घटनाक्रम र हाल नेपाली भाषाको शिक्षण सिकाइमा देखिएका समस्यालाई सामान्य रूपमा प्रस्तुत गर्ने जमर्को मात्र गरिएको छ ।**

'हाम्रा धेरै लेखक काँचा छन्, पत्रकारहरू कमैलाई मात्र भाषाको मर्म र मिठास थाहा छ ।'

**– साहित्यकार कृण्णप्रसाद पराजुली**

## विषय प्रवेश

भाषा विचार अभिव्यक्तिको माध्यम हो । भाषाकै कारण मानिस प्रभावकारी सञ्चार गर्न सक्दछ । भाषामा बोधगम्यता हुन्छ । भाषा व्यवस्था हो । भाषाको आफ्नो संरचना हुन्छ । यो वर्ण व्यवस्था, व्याकरण व्यवस्था र अर्थ व्यवस्थाबाट संरचित हुन्छ । त्यसैले भाषालाई व्यवस्थाहरूको व्यवस्था पनि भनिन्छ (यादव र रेग्मी, २०५८) । यसै हुनाले भाषालाई विचार विनिमयको साधन पनि मानिन्छ । संसारमा धेरै भाषाहरू बोलिन्छन् तर कति लेख्य परम्परा बनी नसकेका कारण लोपोन्मुख अवस्थामा पुगेको पाउन सकिन्छ । विश्वमा विभिन्न दस भाषा परिवार पाइन्छन् । तीमध्ये नेपालमा केवल चार ओटा भाषा परिवारका भाषाहरू बोलिन्छन् । चार भाषा परिवारमा भारोपेली, चिनियाँ-तिब्बती अथवा भोटबर्मेली, आग्नेली र द्रबिड पर्दछन् । नेपाली भाषा भारोपेली भाषा परिवारअन्तर्गतको पर्दछ । नेपालमा बोलिने १२३ भाषाहरूमध्ये नेपाली भाषा सबैभन्दा ठुलो भाषा हो । नेपालमा भाषाको सङ्ख्याका दृष्टिमा चिनियाँ-तिब्बती भाषा परिवारका भाषा धेरै बोलिन्छन् । वक्ताका सङ्ख्याका दृष्टिमा चाहिँ भारोपेली भाषा परिवारका वक्ता बढी छन् ।

नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । यो बहुसङ्ख्यक नेपालीको मातृभाषा हो । नेपाली भाषालाई दोस्रो भाषाका रुपमा बोल्नेहरूले यसलाई माध्यम भाषाको रूपमा प्रयोग गर्ने गर्दछन् । तसर्थ यसलाई सम्पूर्ण नेपालीहरूको साझा मानिन्छ । नेपाली भाषालाई नेपालको संविधानले पनि मान्यता प्रदान गरेको छ । नेपाली भाषाको उत्पत्ति भएको हजारौँ वर्ष बितिसकेको छ । परापूर्व कालदेखि नै नेपाली भाषा क्रमिक रूपमा विकसित तथा सुधार हुँदै आएको पाइन्छ । कर्णाली अञ्चलबाट विस्तार भएको नेपाली

भाषा विभिन्न मोड तथा चरणहरू पार गर्दै आजको अवस्थामा आइपुगेको हो । आज नेपाली भाषा नेपालका अन्य भाषाहरूको तुलनामा विकसित र बृहत् क्षेत्रमा प्रयोग हुने भाषा बनेको छ । यो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको भाषा बनेको छ । नेपाललगायत विश्वका विभिन्न मुलुकमा नेपाली भाषाको पठन पाठन हुन थालेको पाइन्छ ।

## नेपाली भाषाको ऐतिहासिक विकासक्रम

नेपाली भाषाको ऐतिहासिक विकासक्रमको अध्ययन गर्दै जाँदा वि.सं. १०३८ को दैलेखको दुल्लुमा प्राप्त राजा दामुपालको शिलालेखबाट नेपाली भाषाको प्रारम्भ भएको मानिन्छ । त्यही बेलाको खस भाषा नै विकसित भई आजको नेपाली भाषा बनेको हो भन्ने प्रशस्त आधारहरू छन् । यस्ता आधारहरूमध्ये दुल्लुको शिलास्तम्भमा वि.सं. १०३८ मा लेखिएको नेपाली भाषाको प्राचीन स्वरूपलाई हालसम्मकै सबै भन्दा पुरानो मानिन्छ । उक्त अभिलेखको भाषाको लिखित रूप यस प्रकार पाउन सकिन्छ :

भाषा "ओ....(मणि ?) पद्मे हुं । .... दामुपाल भूपाल रेख भई । किष्णु अडैको भाइ सउंपाल अडै सा (के ? ।" (पोखरेल, २०२०, पृष्ठ १ )

दुल्लुबाट विकसित नेपाली भाषाले करीब तिन सय वर्षपछि आएर मात्र प्रामाणिक स्वरुप प्राप्त गरेको पाइन्छ । यस कुरालाई वि.सं. १३१२ को हुम्लाको रेलिङ गुम्बामा प्राप्त अशोक चल्लको प्रशासनिक ताम्रपत्रको पहिलो नेपाली भाषाको प्रामाणिक अभिलेख ... "हाम्रा आलि अटल करि अक्रया छु ।" ... प्राप्त गरेबाट प्रमाणित हुन्छ ।

प्राचीन नेपाली भाषाको मूल थलो कर्नाली प्रदेशलाई मानिन्छ । मूल थलो कर्नाली रहेता पनि नेपाली भाषाले पछि विस्तारै काठमाडौंसम्म विस्तार पाएको देखिन्छ । वि.सं. १४३७ को 'भास्वती' र वि.सं. १५५० को 'राजा गगनीराजको यात्रा' दुई वाङ्मय ग्रन्थलाई प्राचीन कालीन नेपाली भाषाका नमुना कृति मानिएको पाइन्छ । सिन्जाबाट विकसित नेपाली भाषा विस्तारै पूर्वमा गोरखा, काठमाडौं, इलाम हुँदै भूटान र बर्मासम्म विस्तार हुँदै गएको पाइन्छ । नेपाली भाषाको विकासक्रममा भाषा पाठशालाको ठूलो योगदान रहेको मान्न सकिन्छ । यसै क्रममा प्रधान मन्त्री रणोद्दीप सिंहका पालामा सर्वप्रथम वि.सं. १९३४ मा रानीपोखरी संस्कृत पाठशालाको स्थापना भएको पाइन्छ । वि.सं. १५५५ देखि नेपाली भाषाको माध्यमिक काल सुरु भएको मानिन्छ । यो पछि १९औँ शताब्दीसम्म रहेको पाइन्छ । लिच्छवि काल र मल्ल कालमा नेपाली भाषा संस्कृत भाषाको प्रभावमा रहेर प्रयोग भएको पाइन्छ । परम्परदेखि नै नेपाली भाषाको स्थान उच्च पाउन सकिन्छ । हीनव्याकरणी विद्यापतिले समेत नेपाली भाषालाई राजभाषा मानेको पाइन्छ (पोखरेल, २०२०, पृष्ठ ३९४) । राणा काल पूर्व संस्कृत भाषा र फारसीको प्रयोग सँगसँगै नेपाली भाषा प्रयोग भएको पाइन्छ भने वि.सं. १९५० को दशकमा आएर मात्र नेपाली भाषाले पत्रपत्रिका र सञ्चार जगत्मा प्रवेश पाएको हो ।

वि.सं. १९५८ सालमा प्रधान मन्त्री देवसमसेरले खोलेका भाषा पाठशालाको प्रारम्भसँगै नेपाली भाषाको औपचारिक रुपमा पठन पाठन सुरु भएको पाइन्छ । त्यस बेला भाषा पाठशालामा पठन पाठन गर्नका लागि अक्षराङ्क शिक्षा नामक नेपाली भाषाको पाठ्य पुस्तकको व्यवस्था थियो । यो नेपाली भाषामा लेखिएको पहिलो पाठ्य पुस्तक हो जुन प्रधान मन्त्री देव समसेरका पालामा जयपृथ्वीबहादुर सिंहले लेखेका थिए । वि.सं. १९५८ मा खोलिएका भाषा पाठशालामाथि वि.सं. १९६२ मा रोक लगाइयो । त्यसपछि स्रेस्ता पाठशालाको स्थापना गरी पुन पठन पाठन सुरु गरियो । त्यस बेला स्रेस्ता पाठशालामा नेपाली लेखन, नेपाली स्रेस्ता र नेपाली ऐनसमेत समावेश गरी पठन पाठन गर्ने व्यवस्था थियो । वि.सं.

१९८५ देखि स्रेस्ता पाठशालाहरूमा पढाइने तथा जाँच दिने विषयहरूमा नेपाली लेखनका साथै नेपाली साहित्य पनि समावेश गरिएको पाइन्छ । वि.सं. १९६७ मा पास जाँच अड्डाको स्थापनापछि नेपाली भाषाको प्रयोगमा संस्थागत विस्तार हुन थाल्यो । यसै क्रममा वि.सं. १९७० फागुन २ गते नेपाली भाषाका माध्यमबाट पाठ्य पुस्तक लेख्न र छपाउनका लागि गोरखा भाषा प्रकाशिनी समितिको स्थापना भयो । यस समितिको नाममा पछि वि.सं. १९८९ मा केही परिमार्जन गरी नेपाली भाषा प्रकाशिनी समिति बनाइयो ।

शिक्षालय तथा औपचारिक शिक्षण संस्थाको पठन पाठन तथा परीक्षाको माध्यमका रुपमा पनि नेपाली भाषाले विस्तारै प्रवेश पाउन थाल्यो । यसै क्रममा वि.सं. १९६८ देखि कोलकोता विश्व विद्यालयको म्याट्रिकुलेसन परीक्षामा नेपाली भाषाको माध्यमबाट परीक्षा दिन पाइने व्यवस्था भयो । यस व्यवस्थाले गर्दा धेरै परीक्षार्थीहरूलाई सजिलो भयो । पछि आएर वि.सं. १९७५ देखि म्याट्रिकुलेसन, आई.ए. र बी.ए.का पाठ्यक्रमका एक प्रमुख भाषाका रूपमा नेपाली विषयलाई पनि समावेश गरियो । केही वर्षपछि वि.सं. १९७८ मा भारतको दार्जिलिङका मा.वि.मा पनि नेपाली भाषाको पढाइ सुरु भएको पाइन्छ ।

वि.सं. १९९० सालमा नेपालमा प्रबन्ध बोर्डको स्थापना भयो । यस बोर्डलाई एस.एल.सी.बोर्डको नामले पनि चिनिन्छ । उक्त समयमा एस.एल.सी. पाठ्यक्रमले नेपाली विषयमा भर्नाकुलर रचनापत्र र अतिरिक्त पत्र गरी ३०० पूर्णाङ्कको नेपाली लिन सकिने व्यवस्था गरेको पाइन्छ । यस व्यवस्थामा पछि वि.सं. २००१ मा नेपाली विषयलाई अनिवार्य विषय बनाइयो तर यस्तो व्यवस्था भने केवल चार वर्ष पुग्दा नपुग्दै वि.सं. २००५ मा नेपाली विषयलाई अनिवार्यको सट्टा नेपाली वा हिन्दी लिन सकिने व्यवस्था गरिएको पाइन्छ । वि.सं. २००८ मा आएर प्रारम्भिक नेपाली ५० अङ्कको र ऐच्छिक नेपालीको व्यवस्था गरी वि.सं. २०२८ सम्म कायम राखिएको पाउन सकिन्छ । (अधिकारी, २०५०)

'आधार शिक्षा' २००४ ले पनि नेपाली भाषालाई शिक्षण सिकाइको माध्यम बनाएको पाइन्छ । नेपाली शिक्षा परिषद् (२००८) ले सञ्चालन गरेको प्रवेशिका परीक्षामा ३०० पूर्णाङ्कको अनिवार्य नेपाली विषय समावेश भएको पाइन्छ । वि.सं. २००५ मा भारतको पटना विश्व विद्यालयले आई.ए. र बी.ए. मा मुख्य विषयका रूपमा नेपाली विषयलाई मान्यता दिएको पाइन्छ । यहाँसम्म आइपुग्दा नेपाली भाषा विषयले धेरै आरोहअवरोह पार गरेको पाउन सकिन्छ । विस्तारै बहु सङ्ख्यक नेपालीको जनजिब्रोको भाषा बन्दै गएको नेपाली भाषाका प्रयोक्ताहरू दिन प्रतिदिन बढ्न थालेपछि विद्यालय शिक्षादेखि उच्च शिक्षासम्म नेपाली भाषाको पठन पाठन हुनुपर्ने माग बढ्न थाल्यो । यसै क्रममा वि.सं. २०११ को राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदनले प्राथमिक स्कुलदेखि कलेजभरि नै शिक्षाको माध्यम नेपाली हुनुपर्छ भनी सिफारिस गरेको थियो । सोहीबमोजिम वि.सं. २०१६ मा त्रि.वि. स्थापना भएपछि नेपाली विषयले उच्च तहमा प्रवेश पायो । पछि वि.सं. २०१८ को सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदनमा पनि नेपाली भाषालाई माध्यम भाषाको रूपमा सिफारिस गरिएको पाइन्छ । यसै गरी वि.सं. २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले नेपाली विषयका सम्बन्धमा प्राथमिक तह कक्षा १ देखि कक्षा ३ मा ३०० पूर्णाङ्क, नि.मा.वि. तहको कक्षा ४ र कक्षा ५मा २०० पूर्णाङ्क तथा कक्षा ६ र कक्षा ७ मा १७० पूर्णाङ्क र मा.वि. तहको कक्षा ९ र १० मा १०० पूर्णाङ्कको व्यवस्था गरेको पाइन्छ । राष्ट्रिय शिक्षा आयोग २०४९ ले भाषा शिक्षणका लागि नेपाली भाषा प्राथमिक तहमा, नि.मा.वि. र मा.वि. तह सबैमा १००/१०० पूर्णाङ्क सिफारिस गरेको पाइन्छ । उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले पनि राष्ट्रभाषा, राष्ट्रिय भाषा र संस्कृत भाषा सबैलाई उत्तिकै जोड

दिनुपर्ने कुरा उल्लेख गरेको पाइन्छ ।

नेपाली भाषाको अध्ययनमा धेरै विद्वान्हरूको योगदान रहेको पाइन्छ । यसमा राल्फ लिली टर्नरको योगदान पनि निकै उल्लेखनीय मानिन्छ । उनले प्रयोग गरेको नेपाली भाषा यस्तो छ :

“हिजु राति सिकार र चा खाको रातभरि दसैं मानेको त्यो बल निकाल्नु पर्छ बार तारिकका दिनमा तुर्किमाथि अटेक गरेऊँ” (शर्मा, २०५९, पृष्ठ २८)

नेपाली भाषा आजसम्मको स्थितिमा आइपुग्दा हजार वर्षको समय भन्दा बढी समय पार गरिसकेको छ । यसले आफ्नो स्वरुपमा परिवर्तन गरेको छ । नेपाली भाषाको मानकीकरण र स्तरीकरणका लागि धेरै प्रयासहरू भएका छन् । तिनले नेपाली भाषालाई स्तरीय बनाउने प्रयास गरेका छन् । शैक्षिक संस्थाहरूमा पठन पाठन हुने प्रयोजनले पनि नेपाली भाषामा धेरै व्याकरणका पुस्तकहरू लेखिएका पाइन्छन् । यसमा विदेशी विद्वानको योगदान पनि उल्लेखनीय छ । यसरी लेख्ने पहिलो विदेशी विद्वान् जे.ए. एटन र उनको ‘नेपाली भाषाको व्याकरण’ (सन् १८२०) हो (दाहाल, २०६१) ।

नेपाली भाषा हाल औपचारिक शिक्षामा प्राथमिक तहदेखि नै स्नातक तहको प्रथम वर्षसम्म अनिवार्य विषयका रुपमा पठन पाठन हुने गरेको छ । वर्तमान समयमा नेपाली भाषालाई आधारभूत तहको कक्षा १-३ मा साप्ताहिक पाठ्य भार ८ र पूर्णाङ्क १०० तथा कक्षा ४-५ मा पनि पाठ्य भार ८ र पूर्णाङ्क १०० नै कायम गरिएको पाइन्छ । आधारभूत तहको कक्षा ६ देखि कक्षा ८ सम्म नेपाली भाषालाई पाठ्य भार ५ र पूर्णाङ्क १०० कायम गरिएको पाइन्छ । यसै गरी कक्षा ९ र १० मा पनि पाठ्य भार ५ र पूणाङ्क १०० कायम गरिएको पाइन्छ । यसरी नेपालको शैक्षिक इतिहासका पानाहरू हेर्दा राष्ट्रभाषाका रूपमा नेपाली भाषाले महत्त्व पाउँदै आएको तर पछिल्ला वर्षहरूमा आउँदा शिक्षण समय र पूर्णाङ्क घट्दै गएको देख्न सकिन्छ । अझ पछिल्ला केही वर्षयता त विद्यालय तहमा अङ्ग्रेजी भाषाको माध्यमबाट पठन पाठन सुरु गरिएकाले नेपाली भाषा सिक्न प्रशस्त भाषिक अवसर नपाउने हुँदा केही खुम्चिएको महसुस हुने गरेको छ ।

हाल कक्षा १ देखि कक्षा ८ सम्म नै नेपाली शिक्षण सिकाइमा प्रयोगात्मक मूल्याङ्कनको व्यवस्था राखिएको छ । यसले भाषाको शुद्ध प्रयोगमा जोड दिएको छ । अब बन्न लागेको माध्यमिक तह कक्षा ९ र १० को पाठ्यक्रममा पनि नेपाली विषयलाई प्रयोगात्मक मूल्याङ्कनमा जोड दिइएको छ । यसले पनि नेपाली भाषाको स्तरीय प्रयोगमा जोड पुग्दछ । यसका साथै पाठ्यक्रम विकास केन्द्र, सानोठिमीले सम्पादन शैली पुस्तिकाको वि.सं. २०५६ बाटै सुरु गरी पाठ्य पुस्तकको भाषा शैलीमा एकरुपमा ल्याउने प्रयास गरको छ । २०७० सालदेखि सम्पादन शैलीको पुनः परिमार्जन भएपश्चात नेपाली भाषा र वर्ण विन्यासको प्रयोगमा सरलीकरण गर्ने प्रयासको थालनी भएको छ । यसका साथै त्रि.वि., नेपाली भाषा समाज, भाषा सम्बन्धी गोष्ठी तथा नेपाल प्रज्ञा प्रतिष्ठान जस्ता संस्थाले नेपाली भाषाको सरलीकरणमा सहयोग पुऱ्याउँदै आएको पाइन्छ ।

## नेपाली भाषा शिक्षणका समस्याहरु

नेपाल बहुभाषिक देश भएकाले बहुभाषिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरूलाई नेपाली भाषा शिक्षण गर्नका लागि असहज परिस्थिति सिर्जना हुन जान्छ । फरक फरक भाषिक पृष्ठभूमिबाट आएका बाल बालिकाहरूको भाषिक आवश्यकता फरक फरक हुने गर्दछ जसको कारण भाषा शिक्षणमा समस्या देखापर्न जान्छ । भाषा शिक्षण विषय वस्तुको शिक्षण नभई भाषाको मानक रूप सुन्ने, बोल्ने, पढ्ने र लेख्ने सिपको शिक्षण हो । भाषाको स्तरीय र मानक रूप सिक्न कठिन हुन्छ । यसैले नेपाली पहिलो

भाषा मातृभाषा हुनेहरूका लागि भन्दा नेपाली भाषा दोस्रो भाषा हुनेहरूका लागि नेपाली भाषा शिक्षण गर्नु निकै चुनौतीपूर्ण हुन जान्छ । यसै सन्दर्भमा यहाँ नेपाली भाषा शिक्षण गर्दा आइपर्ने समस्याहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छ :

### (१) स्तरीय नेपाली सिकाउँदा आइपर्ने समस्या

फरक फरक भाषिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरूलाई नेपाली भाषाको स्तरीय रूप सिकाउने क्रममा समस्या आइपर्दछ । नेपाली पहिलो भाषा हुनेहरूले आफ्नो भाषाका क्षेत्रीय र स्थानीय भेदको प्रयोगलाई छाडेर स्तरीय भेदको प्रयोगमा आफूलाई अग्रसर गराउँछन् भने नेपाली दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्नेलाई नेपाली भाषाका ध्वनि, वर्ण, उच्चारण तथा वर्ण विन्यासका तहमा कठिनाई आउँछ । पहिलो भाषाका रूपमा नेपाली भाषा बोल्ने र दोस्रो भाषाका रूपमा बोल्ने विद्यार्थीहरूका समस्या फरक फरक प्रकृतिका भएका कारण यी दुई स्तरका विद्यार्थीलाई एउटै कक्षामा राखेर अध्यापन गर्ने क्रममा समस्या आइपर्दछ ।

### (२) शिक्षण विधि र सामग्रीसँग सम्बन्धित समस्या

भाषा शिक्षणलाई प्रभावकारी बनाउनका लागि शिक्षण विधि प्रभावकारी हुनुपर्दछ साथै शिक्षाका क्रममा प्रशस्त मात्रामा शिक्षण सामग्रीको निर्माण गरिनुपर्दछ । तर नेपाली भाषा शिक्षणका क्रममा स्रोत साधनको अभाव, दक्ष र तालिम प्राप्त शिक्षकको अभाव, शिक्षकको लापरवाहीलगायतका कारणबाट शिक्षण सामग्रीको निर्माण तथा प्रयोगको कार्य गर्ने गरिएको पाईंदैन । भाषा शिक्षकले भाषा शिक्षणका लागि उपयुक्त शिक्षण विधि एवम् शैक्षिक सामग्रीहरू प्रयोग नगर्दा भाषा शिक्षणबाट अपेक्षित उपलब्धि हासिल हुन सक्दैनन् । यो भाषा शिक्षणका क्रममा आइपरेको समस्या हो ।

### (३) नेपाली भाषाप्रतिको सङ्कुचित दृष्टिकोण

नेपाली भाषाप्रतिको सङ्कुचित हेराइका कारण पनि नेपाली भाषा शिक्षणमा समस्या आइपरेको छ । नेपाली भाषाको शिक्षण अत्यन्त सरल कार्य हो यसको शिक्षण कार्य जसले पनि गर्न सक्छ भनेर अन्य विषय पढाउन नसक्ने व्यक्तिले पनि नेपाली भाषाको शिक्षण गर्ने कार्य गर्दछन् । उनीहरूलाई नेपाली भाषा शिक्षणका सन्दर्भमा त के नेपाली विषयका बारेमा पनि राम्रो ज्ञान भएको हुँदैन । यसले गर्दा नेपाली भाषा शिक्षणमा समस्या आइपर्दछ ।

### (४) भाषा पाठ्यक्रम र पाठ्य पुस्तकका समस्या

भाषाको सिकाइ सैद्धान्तिक खालको नभई प्रायोगिक खालको हुनुपर्दछ । तसर्थ पाठ्यक्रमको निर्माणका क्रममा पनि यस विषयको प्रायोगिकतालाई ख्याल गर्नुपर्दछ । तर नेपाली भाषा पाठ्यक्रमको निर्माणका क्रममा यस किसिमको प्रायोगिकतालाई कमै मात्रामा ख्याल गरिएको हुनुपर्दछ । पाठ्य पुस्तकको निर्माण गर्ने क्रममा पनि पाठ्यक्रमले निर्देश गरेका उद्देश्यहरू परिपूर्ति गर्ने गरी प्रायोगिक ढङ्गबाट गरिनुपर्दछ । तर यसका विपरीत भाषा पाठ्य पुस्तक लेखन कार्य अन्य विषयका पाठ्य पुस्तक जसरी नै सैद्धान्तिक तरिकाले निर्माण गरिएको पाइन्छ ।

### (५) दक्ष र गुणस्तरीय शिक्षकको अभाव

दक्ष शिक्षकको अभाव नेपाली भाषा शिक्षणको क्रममा आइपर्ने अर्को समस्या हो । भाषा शिक्षण विषय वस्तुको शिक्षण नभई भाषिक सिपको शिक्षण हो । यसको शिक्षणका लागि शिक्षकले विषय वस्तुलाई गौण र सिपलाई मुख्य मान्नुपर्दछ । नेपाली भाषाको शिक्षकले पेसागत क्षमता विकासका लागि लिएको

शिक्षक तालिमको उपयोग कक्षाकोठासम्म नपुग्नुले नेपाली भाषा शिक्षणमा समस्या आइपरेको हो ।

### (६) वर्ण विन्यासगत समस्या

वर्तमान समयमा विद्यालय तहमा आधारभूत तहको कक्षा ६, ७ र ८ मा परिमार्जित नेपाली नयाँ वर्ण विन्यास प्रयोग भएको छ । यस व्यवस्थाले कक्षा १ देखि ५ सम्म र कक्षा ९ र १० मा नेपाली वर्ण विन्यास पुरानै ढाँचामा रहेकाले पाठ्य पुस्तकको प्रयोग र शिक्षण सिकाइमा अन्योलता बढेको छ । यसले शिक्षकलाई शिक्षण सिकाइमा समस्या सिर्जना गरेको गुनासो शिक्षकहरूको छ ।

| विद्यालय शिक्षामा वि.सं. २०७० अघिको वर्ण विन्यास | विद्यालय शिक्षामा वि.सं. २०७० पछि प्रयोगमा ल्याइएको वर्ण विन्यास |
|---|---|
| विद्यालय, उद्देश्य, बुद्ध, युद्ध, उद्योग, विद्युत, सीप, बीच, ठूलो, मीठो, भक्त, पूरा, तत्त्व, दूध, बूढो, कीरो, फूल, ठीक, तीन, बीस, बाह्र, तेह्र, सोह्र, बत्तीस, छत्तीस, चालीस | विद्‌यालय, उद्‌देश्य, बुद्‌ध, युद्‌ध, उद्‌योग, विद्‌युत, सिप, बिच, ठुलो, मिठो, भक्त, पुरा, तत्त्व, दुध, बुढो, किरो, फुल, ठिक, तिन, बिस, बार, तेर, सोर, बत्तिस, छत्तिस, चालिस |

**(स्रोत : पाठ्यक्रम विकास केन्द्रका कक्षा ६,७ र ८ का नयाँ र पुराना पाठ्य पुस्तक)**

### निष्कर्ष :

भाषा प्रयोग समय र प्रयोक्ताअनुसार फरक पर्दै जाने विषय हो । यसैले हिजोको भाषा आज अर्कै स्वरूपमा बदलिएको पाइन्छ । भाषा जटिलबाट सरलतिर जाने हुनाले यसका प्रयोक्ता पनि दिनानुदिन बढ्दै जान्छन् । नेपाली भाषा पनि धेरै कालखण्डमा आफूलाई परिमार्जन र सरलीकरण गर्दै अगाडि बढेको पाइन्छ । यसले शिक्षण सिकाइका क्रममा देखापरेका जटिलतालाई सरलीकरण गर्न पनि आफ्नो रूप बदलिएको छ । यस कारणले गर्दा नेपाली भाषाको सिकाइ सरल भएको छ । भाषाको प्रयोग जनजिब्रोवादमा केन्द्रित रहने हुँदा यसरी रूप बदल्नु पनि स्वाभाविक नै मानिन्छ । नेपली भाषा हाम्रा पूर्वजहरूको नासो हो । त्यसैले यसको इज्जत र गरिमा बढाउने कार्यमा हामी सबै नेपाली एकताबद्ध भई उठनुपर्ने बेला आएको छ ।

### सन्दर्भ सामग्री



**अधि**कारी, हेमाङ्गराज (२०५०), नेपाली भाषा शिक्षण, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।
दाहाल, बल्लभमणि (२०६१), भाषिक चिन्तन, काठमाडौंः रत्न पुस्तक भण्डार ।
पोखरेल, बालकृष्ण (२०२०), पाँच सय वर्ष, काठमाडौंः एरो प्रिन्टिङ् प्रेस ।
यादव, योगेन्द्रप्रसाद र रेग्मी, भीमनारायण (२०५८), भाषा विज्ञान, कीर्तिपुरः न्यु हिरा बुक्स इन्टरप्राइजेज ।
शर्मा, सुकुम (२०५९), नेपाली भाषामा टर्नरको योगदान, ओरिएन्टल पब्लिकेसन ।
भण्डारी, पारसमणि र अन्य (२०६९), नेपाली भाषा शिक्षण, काठमाडौं : भुँडीपुराण प्रकाशन
पाठ्यक्रम विकास केन्द्र (२०६२), प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२, भक्तपुर : लेखक ।
पाठ्यक्रम विकास केन्द्र (२०६९), आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९, भक्तपुर : लेखक ।
पाठ्यक्रम विकास केन्द्र (२०६४), माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४, भक्तपुर : लेखक ।
पाठ्यक्रम विकास केन्द्र (२०७०), प्रकाशन शैली, २०७०, भक्तपुर : लेखक ।